**कोरोना भाइरससम्बन्धी कर्णाली प्रदेशको अवस्था**
**सुर्खेत । ०७७ वैशाख १२ गते**
कर्णाली प्रदेश सरकारले लकडाउनका कारण अलपत्र परेका प्रदेशका नागरिकलाई गन्तव्यमा पुग्न दिने निर्णय गरेको छ ।
प्रदेश सरकारका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीको अध्यक्षतामा वैशाख ११ गते बसेको प्रदेश सङ्कट व्यवस्थापन केन्द्रको बैठकले प्रदेश बाहिरबाट सवारी साधनको व्यवस्था गरी समूहमा आएकालाई सोझै गन्तव्य स्थल पुग्न दिने र बाहिरबाट आएका, भाडा तिर्न सक्ने तर सवारी प्रबन्ध नभएकालाई व्यवस्थापन गरी सम्बन्धित जिल्ला वा स्थानीय तहसम्मको गन्तव्यमा पठाउने व्यवस्था गर्ने निर्णय गरेको छ ।
कृषिजन्य उत्पादनको आन्तरिक बजारीकरण, ओसारपसार र बाहिरबाट आयात गर्ने वस्तुको ठोस योजना निर्माण, मौसमी खेतीका निम्ति आवश्यक पर्ने बीउ, मल, औषधी, माछाको भुरा, चल्ला तथा अन्य आवश्यक औजारको व्यवस्थाका लागि प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले प्रदेशको सुरक्षा निकायसँग समन्वय गर्ने बैठकको निर्णयमा उल्लेख छ ।
यसैगरी बैठकमा लकडाउनका कारण मौसमी खेतीपाती हुन नसकी खेतबारी बाँझो रहनसक्ने सम्भावित अवस्थालाई दृष्टिगत गरी त्यस्ता घरपरिवारको खेतीपाती स्याहार्ने, बीउ छर्ने तथा लगाउने र खेतीबाली लगाउने कार्यका लागि आवश्यक समन्वय तथा व्यवस्थापन गर्न स्थानीय तहलाई अनुरोध गर्ने समेत निर्णय भएको छ ।
कोरोना भाइरस प्रकोप न्यूनीकरणका लागि जिल्ला-जिल्लामा भएका प्रयास सम्बन्धमा इन्सेकका जिल्ला प्रतिनिधिमार्फत प्राप्त सूचनाको आधारमा जिल्लागत अवस्था विश्लेषण यसप्रकार छ ।

**इन्सेक सल्यान जिल्ला प्रतिनिधि मिना बुढाथोकीका अनुसार** कुमारी बैंक लिमिटेडले सल्यानका २ वटा स्थानीय तहलाई स्थानिय शाखाहरु मार्फत बस्तुगत सहयोग गरेको जनाएको छ । यसैक्रममा कपुरकोट शाखाले ५ सय किलो चामल, ५० किलो दाल, २० लिटर तेल, र ४० वटा साबुन उपलब्ध गराएको हो ।
यस्तै कपुरकोट गाउँपालिकालाई अन्य विभिन्न व्यक्तिहरुले पनि आर्थिक तथा वस्तुगत सहायता उपलब्ध गराएका छन् । सिद्ध आधारभुत विद्यालय कपुरकोट-५ खालीका प्रधानाध्यापक पदम खड्काले १० हजार एक सय ११, कपुरकोट-३ सल्यानका अनुरहमानले ११ हजार एक सय, कपुरकोट गाउँपालिकाको शिक्षा शाखा प्रमुख कृष्ण भण्डारीले १० हजार, १ सय ६०, आलेप राजेन्द्र डीसीले १० हजार, १ सय १५, लेखापाल विष्णु आचार्यले १० हजार, १ सय २५ रुपैयाँ आर्थिक सहयोग गरेको गाउँपालिकाले जनाएको छ ।
कपुरकोट बजार व्यवस्थापन समितिका अध्यक्ष रुपक बुढाले १ सय २५ किलो चामल, ५ किलो दाल, २ लिटर तेल र १० कार्टुन पिउने पानी उपलब्ध गराउनु भएको छ । रेडियो कपुरकोटका कार्यकारी प्रमुख सन्तोष घर्तीले १ सय २५ किलो चामल, ५ किलो दाल, २ लिटर तेल सहायता स्वरुप प्रदान गर्नु भएको छ ।
यसैगरी कपुरकोट-२ निवासी चन्द्रलाल ओलीले एक क्वीनटल चामल, ४ किलो दाल किलो, ३ लिटर तेल, १ किलो नुन उपलब्ध गराउनुभयो । कपुरकोट-५ खाली स्थित सुनिल स्वास्थ्य सेवा क्लिनिकका संचालक सुनिल केसीले चामल २५ किलो, तेल १ लिटर र नुन १ किलो तथा कपुरकोट-२ निवासी ईश्वर बुढाले चामल १ सय २५ किलो उपलब्ध गराएको गाउँपालिकाले जनाएको छ ।

यस्तै कुमारी बैंक खलंगा शाखाले शारदा नगरपालिकालाई ५० हजार रुपैया बराबरको खाद्यान्न सहयोग गरेको छ भने कर्मचारीहरुको तर्फबाट ५ हजार रुपैया प्रदान गरिएको छ ।

**इन्सेक कालिकोट जिल्ला प्रतिनिधि कालीबहादुर मल्लका अनुसार** जिल्ला सदरमुकाम मान्म, जिते, पिलि लगाएत विभिन्न बजारहरुमा तरकारी तथा फलफूलका अभाव हुन थालेको छ । लकडाउका कारण यातायात बन्द भएकोले तरकारी फलफूल आउन छाडेपछि अभाव हुन थालेको उद्योग बाणिज्य संघ कालिकोटका अध्यक्ष रतनबहादुर शाहीले बताउनुभयो ।
यस्तै लकडाउनका कारण विभिन्न ठाउँमा अलपत्र परेका व्यक्तिहरुलाई उद्धार गरेर स्थानीय तहका हेल्थ डेक्समा जाँच भइरहेको छ । वैशाख १२ गते सम्म काठमाडौं, सुर्खेत, नेपालगञ्ज र अन्य जिल्लाबाट आएका २ सय ३५ महिला र ३ सय ६१ पुरुष गरि जम्मा ५ सय ९६ जनाको स्वास्थ्य परीक्षण गरि आ-आफ्नो घरतिर गएको स्वास्थ्य कार्यालय कालिकोटका सूचना अधिकारी कटक महतले जानकारी गराउनु भएको छ ।

**इन्सेक रुकुम पश्चिम जिल्ला प्रतिनिधि मनिषा केसीका अनुसार** मुसिकोट नगरपालिकाका विभिन्न वडामा नेपाल खीष्टियन राहत सेवाले सामाग्री उपलब्ध गराएको छ ।
आठ हजार पाँच सय किलो चामल, पाँच सय ३० किलो पिठो, चार सय २५ किलो दाल, चार सय २४ लिटर तेल, चार सय २५ पोका नुन र आठ सय ५० ओटा हात धुने सावुन उपलब्ध गराएको नगर प्रमुख देवीलाल गौतमले जानकारी दिनुभयो ।
साथै सानीभेरी गाउँपलिका वडा नम्बर ८ मा थप १५ विपन्न परिवारलाई खाद्यान्न वितरण गरिएको छ । यसअघि १६ विपन्न परिवारलाई खाद्यान्न वितरण गरिएको र छुटेकालाइ वैशाख १२ गते वितरण गरिएको वडाध्यक्ष शशिराम बुढाथोकीले जानकारी दिनुभयो ।
त्यस्तै मुसिकोट नगरपालिकामा भैरहेको राहत वितरण कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न, राहत वितरणको गुनासो सम्बोधन गर्न र राहत वितरणमा छुट भएका व्यक्तिहरुलाई राहतको लागि सिफारिस गर्न गुनासो सुनुवाई समिति गठन गरिएको छ । मुसिकोट नगरपालिका-१० का अध्यक्ष गोप्यश्वर केसीको संयोजकत्वमा बनेको उक्त समितिमा इन्सेक जिल्ला प्रतिनिधि मनिषा केसी, रेडक्रसका सभापति रमा गौतम, कार्यपालिका सदस्य धीरेन सिर्पाली सदस्य रहनु भएको छ । समितिको सदस्य सचिव भने नगरपालिकाका कानुन अधिकृत ललित बुढामगर हुनुहुन्छ ।
यसका साथै धादिङ र काठमाडौंबाट रुकुम पश्चिम पुगेका ८१ जना मजदुरहरु गाउँ गएका छन् । ०७७ वैशाख ११ र १२ गते रुकुम पश्चिमको खलंगामा पुगेका बाँफीकोट गाउँपालिकाका ३७ जना र आठविसकोट नगरपालिकाका ८ जना गाउँ गएको मुसिकोट नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत नरविर खड्काले जानकारी दिनुभयो । जिल्लामा पुगेका धेरैजसो मजदुरहरु आफ्नो स्थानिय तहको सम्पर्कमा गएको र उनिहरु सवैजनालाई क्वारेन्टाइनमा राखिने बताइएको छ ।
यसैबीच जिल्लाका दुईवटा स्थानीय तहमा बाँकी रहेका व्यक्तिहरुमा द्रुत परीक्षण भएको छ । मुसिकोट नगरपालिकामा ३४ जना, र आठविसकोट नगरपालिकामा १८ जना गरी जम्मा ५२ जनाको द्रुत परीक्षण भएको र सबैजनाको रिपोर्ट नेगेटिभ आएको स्वास्थ्य सेवा कार्यालयका कोरोना भाइरस रोकथाम तथा नियन्त्रण फोकल पर्सन इश्वर रावलले बताउनुभयो ।

**इन्सेक हुम्ला जिल्ला प्रतिनिधि नन्द सिंहका अनुसार** दैनिक उपभोग्य सामानको मुल्यबृद्धि भएको छ । बजारमा खरिद गर्न जाँदा दैनिक उपभोग्य सामानको मुल्य १ सय देखि एक सय ५० रुपियाँसम्म

मुल्यबृद्धि भएको स्थानीय दन्त रावतले बताउनुभयो । उद्योग बाणिज्य संघका अध्यक्ष नाम्ग्याल तामाङले बजारको अनुगमन गरि मुल्यवृद्धि गरेको भेटिए कारवाही गर्ने जानकारी गराउनुभयो ।
यसैगरी मुलकका विभिन्न सहरमा अलपत्र परेका जिल्लावासीको उद्धार सम्बन्धमा प्रमुख जिल्ला अधिकारी विनिता भट्टराइको अध्यक्षतामा वैशाख ११ गते बैठक बसेको छ ।
नेपालगञ्ज लगायतका शहरमा अलपत्र परेका विद्यार्थी र विरामीहरुलाई हवाइ माध्यमबाट ल्याउनका लागि गृह मन्त्रालय, संस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्रालय, मुख्यन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कर्णाली प्रदेश आन्तरीक मामिला तथा कानून मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरेको छ । साथै उद्धार गरिएकालाई सम्बन्धित गाउँपालिकाका अध्यक्षको जिम्मा लगाई क्वारेन्टाइनमा बस्ने व्यवस्था मिलाउने पनि बैठकको निर्णय छ ।
यसैबीच वैशाख ११ गते राती सदरमुकाम सिमकोटको मुख्य बजार क्षेत्रका विभिन्न पसलहरुमा चोरी भएको छ । कालीचोक स्थित आदित्य जनरल स्टोरका दुईवटा पसलमा एक साथ चोरी भएको पसल मालिक रेशम महतले बताउनुभयो ।
चोरले सुरक्षाका लागि राखिएको सिसिटिभी पनि फुटाएको छ । अगाडिको फुटेजमा चोरी गर्न आउने व्यक्तिले मास्क लगाएको देखिएको डिएसपी रामप्रसाद घर्तिमगरले बताउनु भयो ।

**जाजरकोट जिल्ला प्रतिनिधि दिनेशकुमार श्रेष्ठका अनुसार** नलगाड नगरपालिकामा कार्यरत शिक्षकहरुले तीन दिनको तलव नगरपालिकाको विपद कोषमा जम्मा गरेका छन् । सबैको रकम जम्मा गरी ५ लाख ३९ हजार ८८ रुपैयाको चेक नगरप्रमुख टेक बहादुर रावललाई बुझाएको प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्रबहादुर सिंहले जानकारी दिनु भयो ।
यस्तै पहाडी क्षेत्र विकास अभियानले शिवालय गाउँपालिकालाई स्वास्थ्य तथा सरसफाई सम्बन्धि सामग्री गाउँपालिका अध्यक्ष नरेन्द्र कुमार शाहीलाई हस्तान्तरण गरेको छ । अभियानका अध्यक्ष प्रदिपजङ्ग शाहका अनुसार ३ थान थर्मल गन, १ हजार ओटा हात धुने साबुन, १० वटा सेनिटाईजर, एन ९५ मास्क ११ वटा उपलब्ध गराइएको छ ।

**इन्सेक जुम्ला जिल्ला प्रतिनिधि मानदत्त रावलका अनुसार** पछिल्लो समयमा कर्णाली प्रदेश सरकार तथा स्थानीय सरकारले ठूलो संख्यामा उद्धार गरेपछि जुम्लामा जोखिम बढेको छ । हाल दैनिक पाँच सय भन्दा बढिको आवतजावत भइरहेको हो ।
यसअघि जिल्ला भित्रिएका सबैको क्वारेन्टाइनमा बसेर नियमित चेकजाँच गरीए पनि पछिल्लो समयमा भित्रिएका नागरिकहरु क्वारेन्टाइनमा बस्न नमानेको अवस्था छ ।
प्रमुख जिल्ला अधिकारी दुर्गा बञ्जाडेले तीन दिन देखि जुम्ला भित्रिनेको संख्यामा अत्यधिक बृद्धि भएको बताउनुभयो । उहाँले भन्नुभयो, 'म उद्धार गर्ने नाममा नागरिकलाई धमाधम भित्र्याउने कार्यको विरोधी हो । जो जहाँ अलपत्र छन् । त्यही व्यवस्थापन गर्न पहल गर्ने भनेर सरकारले स्पष्ट निर्देशन गरेको छ । तर यहाँ अलपत्र नागरिक भित्र्याउने नाममा उच्च प्रतिश्पर्धा भइरहेको छ ।'
चन्दननाथ नगरपालिकाका प्रमुख कान्तिका सेजुवालले ६१ जना होम क्वारेन्टाइनमा बस्ने भनेर गइसकेको बताउनुभयो । स्वास्थ्य चेक गराउँदा अवस्था सामान्य देखिएपछि होम क्वारेन्टाइनमा बसेको उहाँले बताउनुभयो । ३० बेडको क्वारेन्टाइनमा हाल कोही पनि छैनन् ।
तातोपानी गाउँपालिकामा पछिल्लो दुई दिनमा ७८ जना क्वारेन्टाइनमा बसेको गापाअध्यक्ष नवराज न्यौपानेले बताउनुभयो । उहाँका अनुसार क्वारेन्टाइन व्यवस्थापनमा निकै जटिलता छन् ।

यस्तै सिँजा गाउँपालिकाका अध्यक्ष देवलसिंह रावलका अनुसार बाहिरबाट मानिसहरु आउन थालेपछि गाउँमा त्रास बढेको छ । कोहीपनि क्वारेन्टाइनमा बस्न मान्दैनन् । गाउँपालिकाको ५५ बेडको क्वारेन्टाइनमा ४ जना मात्र छन् ।
शुक्रबारसम्म जुम्लामा भित्रिएका ६ हजार ९० मध्ये एक सय ८० जना क्वारेन्टाइनमा बसेका छन् भने २ सय ७६ जना १४ दिनपछि घर फिर्ता भएका छन् । ४ सय ८९ जनाको कोरोना परीक्षण गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको जिल्ला प्रशासन कार्यालय जुम्लाले जनाएको छ ।

**इन्सेक दैलेख जिल्ला प्रतिनिधि अमर सुनारका अनुसार** प्रतिनिधिसभाका सांसद पार्वती बिशुन्केको अगुवाईमा दैलेखी सेवा समाज र भोलेण्टियर रिसर्च फाउण्डेशन लगायतले दैलेखका ११ वटै स्थानीय तहलाई ८६ वटा पीपीई सेट लगायतका स्वास्थ्य सामग्री प्रदान गरेको समाजका अध्यक्ष प्रताप शाहीले बताउनुभयो ।
यस्तै काठमाडौंमा बस्ने १ सय ५४ परिवारलाई चामल, दाल, तेल लगायतका खाद्य सामग्री दिइएको छ । ४ सय २७ जनालाई स्थानीय तहसंगको समन्वयमा यातायातको प्रवन्ध गरी जिल्ला पठाइएको फाउण्डेशनका अध्यक्ष बिनोद अधिकारीले जानकारी दिनुभयो ।

**इन्सेक डोल्पा जिल्ला प्रतिनिधि विष्णुप्रसाद देवकोटाका अनुसार** हालसम्म आरडिटी परीक्षण गरिएका ६१ जनामध्ये कसैमा पनि कोरोना संक्रमण देखिएको छैन । जिल्ला अस्पताल डोल्पामा कार्यरत स्वास्थ्यकर्मीहरूको टोली विभिन्न स्थानमा पुगेर शंकास्पद व्यक्तिको आरडिटी परीक्षण गरिरहेको छ ।
वैशाख १२ गते त्रिपुरासुन्दरी नगरपालिकास्थित त्रिपुराकोट क्वारेन्टाइनमा रहेका २० र फोक्शुण्डो आधारभूत क्वारेन्टाइनमा रहेका ८ गरी २८ जनाको आरडिटी परिक्षण गरिएको थियो ।
जिल्ला अस्पताल स्वास्थ सेवा प्रमुख सिजन रावलका अनुसार डोल्पोबुद्ध गाउँपालिकाको धो र छार्कताङसोङको काककोटमा भारतबाट आएका २५ जनाको आरडिटी परिक्षणको लागि डाक्टर रमेश रोकाको नेतृत्वमा वैशाख १४ गते ४ सदस्यीय टोली उपल्लो डोल्पा पठाउन लागिएको छ । यस्तै आरडिटी परीक्षणको लागि १४० ओटा किट मात्रै डोल्पामा आएकोले आगामी दिनमा किटको अभाव हुनसक्ने रावलको भनाई छ ।

**इन्सेक सुर्खेत जिल्ला प्रतिनिधि दुर्गा थापाका अनुसार** विभिन्न जिल्लाबाट फर्किरहेका नागरिकलाई कर्णाली प्रदेश सरकार र स्थानीय प्रशासनको समन्वयमा उद्धार गरिएको छ ।
प्रदेशको सिमाना बबई पुलबाट वैशाख १० गते दुई हजार एक सय ३१ र ११ गते एक हजार २० जनालाई उद्धार गरि सम्बन्धितको स्थानीय तहको सम्पर्कमा पठाइएको जिल्ला जनस्वास्थ्य सेवा कार्यालय सुर्खेतका प्रमुख चेतननिधि वाग्लेले बताउनु भयो ।
यसैगरी सुर्खेतको वीरेन्द्रनगर स्थित क्वारेन्टाइनमा वैशाख १० गते ७ जना थपिएपछि दुई सय १० जना बसेका छन् । उक्त क्वारेन्टाइनको क्षमता पनि दुई सय १० नै रहेको छ ।
**इन्सेक कर्णाली प्रदेश कार्यालय, सुर्खेत**